# भरतपुर महानगरपालिका
## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
### (बैठक सङ्ख्याः १२२, बैठक मितिः २०८३।०३।२९ गते सोमबार, दिनको १:०० बजे)

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १२१औं बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | मिति २०८३।०३।२२ को १२०औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयनको प्रक्रिया सन्तोषजनक रहेको पाइयो । |
| २. | शारदानगर स्वास्थ्य चौकिमा भरतपुर अस्पतालबाट विशिष्टिकृत सेवा सञ्चालन गर्ने सम्बन्धमा । | नेपालको संविधानको धारा ३५(३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने व्यवस्था भए अनुसार भरतपुर महानगरपालिकाको पश्चिमभेगका नागरिकहरुमा आधारभूत तथा विशिष्टिकृत सेवाको समान पहुँच सुनिश्चित गर्न अपरिहार्य देखिएकोले वडा नं. १९ मा सञ्चालित शारदानगर स्वास्थ्य चौकिबाट आधारभूत तथा विशिष्टिकृत सेवा सञ्चालन गर्न भरतपुर अस्पताललाई अनुरोध गर्ने । त्यस्तै, शारदानगर स्वास्थ्य चौकीको भौतिक संरचना भरतपुर अस्पताललाई उपलब्ध गराई उक्त संरचनालाई भरतपुर अस्पतालको शाखाको रुपमा विस्तार गरी भरतपुर अस्पतालको विशेषज्ञ सेवा सुरुवात गर्न यस भरतपुर महानगरपालिका तथा भरतपुर अस्पताल बिच समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने । साथै, अस्पतालले स्थायी रुपमा सेवा दिने वातावरण सिर्जना भएमा स्वास्थ्य चौकीको सम्पूर्ण भौतिक संरचना तथा जग्गाको स्वामित्व अस्पताललाई हस्तान्तरण गर्ने प्रक्रिया अगाडी बढाउने । |